# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८, संख्याः ५, मितिः २०८१/०९/२४

## भाग–२

## भरतपुर महानगरपालिका सुत्केरी पोषण झोला कार्यक्रम कार्यविधि, २०८१

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका सुत्केरी पोषण झोला कार्यक्रम कार्यविधि, २०८१

पारित मिति : २०८१/०९/२१

प्रकाशन मितिः २०८१।०९।२४

भरतपुर महानगरपालिका अन्तर्गतका जनस्वास्थ्य प्रबर्द्धन शाखा, प्राथामिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्था र सम्वन्धित संघ संस्थाहरुको संलग्नतामा महिला तथा बालबालिकाहरुको पोषणको अवस्थालाई सुधार गर्न तथा राम्रो अवस्थामा रहेकाको पोषण स्थिति बिग्रिनबाट बचाउनको लागि पोषणको अवस्थाको विकास, प्रर्वद्धन, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४२(२) बमोजिम तथा भरतपुर महानगरपालिका जनस्वास्थ्य ऐन, २०७७ को दफा ३९ अनुसार यो कार्यविधि जारि गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"सुत्केरी पोषण झोला कार्यक्रम कार्यविधि, २०८१"** रहेको छ।

ख) यो कार्यविधि भरतपुर महानगरपालिकाभरी लागू हुनेछ।

ग) यो कार्यविधि भरतपुर महानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सुत्केरी पोषण झोला कार्यक्रम" भरतपुर महानगरपालिका मातहतका/ अन्तर्गतका बर्थिंङ सेन्टरमा सुत्केरी गराउन आउने महिलालाई प्रदान गरिने पोषण सम्बन्धी खाद्यान्न तथा फलफुलको प्याकेज सम्झनु पर्दछ।

(ख) "सुत्केरी" भन्नाले भरतपुर महानगरपालिका अन्तर्गतका बर्थिंङ सेन्टर वा महानगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिलाहरुलाई सम्झनुपर्छ।

(ग) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिका सम्झनु पर्दछ।

(घ) "प्राथामिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्र र

स्वास्थ्य संस्था" भन्नाले भरतपुर महानगरपालिका भित्र अवस्थित स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ङ) "व्यवस्थापन तथा सञ्चालन समिति" भन्नाले नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा ब्यबस्थापनको लागि निर्माण गरिएको समिति सम्झनु पर्दछ ।

**३. उद्धेश्यः** सुत्केरी पोषण झोला कार्यक्रम सञ्चालनका मुख्य उद्धेश्यहरु देहाय बमोजिम हुनेछन् ।

क) सुत्केरी महिलाको पोषणको स्थितिमा सुधार ल्याउन।

ख) सुत्केरी आमा र बालबालिकालाई उचित पोषणको उपलब्धता सुनिस्चित गर्न ।

ग) गर्भको नियमित जाँच तथा स्वास्थ्य संस्थामा हुने प्रसूति संख्यामा वृद्धि गर्न ।

घ) जन्मजातै हुनसक्ने कुपोषणको संख्यामा कमी ल्याउन ।

ङ) स्थानीय सरकारको उपस्थिति प्रत्याभूति गर्न ।

**४. सुत्केरी पोषण झोला प्राप्तिका लागि न्यूनतम मापदण्डहरुः**

क) स्थानीय स्वास्थ्य संस्थामा मातृशिशु रजिष्टरमा दर्ताभई कार्ड प्राप्त गरेको हुनुपर्नेछ ।

ख) भरतपुर महानगरपालिका अन्तर्गतका बर्थिंङ सेन्टरमा वा महानगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्थामा सुत्केरी भएको हुनुपर्नेछ ।

ग) यो कार्यक्रममा भरतपुर महानगरपालिकाको स्थायी बासिन्दा खुल्ने कागजात पेश गर्नेलाई मात्र प्रदान गरिने छ ।

घ) बच्चाको जन्मदर्ता प्रमाणपत्र अनिबार्य हुनुपर्नेछ ।

ङ) बच्चा जन्मेको ४५ दिन भित्र निबेदन पेश गर्नुपर्नेछ ।

**५. सुत्केरी पोषण झोला कार्यक्रममा समाबेश गरिने सामाग्रीहरु**

क) खारिएको शुद्द गाई वा भैंसीको घिउ – १ किलोग्राम

ख) चना – १ किलोग्राम

ग) केराउ – १ किलोग्राम

घ) कुखुराको अण्डा – १ क्रेट

ङ) बालबालिकाको चिन्ह अंकित आयोडिनयुक्त नुन – १ किलोग्राम

च) आईरन – ४५ चक्की

छ) सतावरी – १०० ग्राम

ज) दशमुल तेल – १ फायल

**६. सुत्केरी पोषण झोला कार्यक्रम सञ्चालनको प्रक्रिया तथा बजेट परिचालनः**

क) भरतपुर महानगरपालिकाको बिनियोजत बजेटबाट कार्यक्रम संचालन गरिनेछ।

ख) एक सुत्केरी महिलाका लागि सुत्केरी पोषण झोला कार्यक्रमका संचालन गर्न कर सहित अधिकतम रु २,०००/- खर्च गर्न सकिने छ।

ग) खरिद गर्ने सामाग्रीको मूल्य निर्धारण सार्बजनिक खरिद ऐन तथा नियमावली एवम् भरतपुर महानगरपालिकाको आर्थिक ऐन बमोजिम गरिने छ।

घ) भरतपुर महानगरपालिकाको नाम र लोगो अंकित "सुत्केरी पोषण झोला" लेखेको झोला महानगरपालिका बाट बर्थिंङ सेन्टरलाई हस्तान्तरण गरिने छ।

ङ) खर्च हुने अनुमानित बजेट महानगरपालिकाले आफ्नो बर्थिंङ सेन्टर रहेको स्वास्थ्य संस्थाको खातामा पेश्की स्वरूप जम्मा गरिदिनेछ। उक्त रकम बाट स्वास्थ्य संस्थाले तोकिएको रकममा नबढ्ने गरि नियमानुसार सामाग्री खरिद गरि सुत्केरीलाई प्रदान गर्नुपर्नेछ।

च) बजार भाउ घटबढ भएमा वा निश्चित सामग्री खरिद पश्चात् रकम बढी भएमा संस्थाकै खातामा रहनेछ साथै प्राप्त रकम त्रैमासिक, अर्धबार्षिक तथा वार्षिक रुपमा रकम पेश्की तथा पेश्की फछर्यौटको व्यवस्थापन मिलाइने छ।

छ) भरतपुर महानगरपालिकाले एक जना र संम्वन्धित स्वास्थ्य संस्थाले एक जना फोकल पर्सन तोकी यस कार्यक्रमलाई थप व्यवस्थित तथा सञ्चालनमा एकरुपता ल्याउन सक्नेछ।

ज) भरतपुर महानगरपालिका अन्तर्गतका बर्थिंङ सेन्टर बाहेक सरकारी स्वास्थ्य संस्थामा सुत्केरी भएकाको हकमा नजिकको वडामा रहेको बर्थिंङ सेन्टर भएको स्वास्थ्य संस्थाबाट पोषण सामग्री लिने ब्यबस्था मिलाईनेछ।

झ) सामाग्रीको सट्टा नगद दिईने छैन तथा सामाग्री एकै पटक खरिद गर्दा सड्ने गल्ने तथा बिग्रने समस्या आउने हुनाले स्वास्थ्य संस्थाले अबस्था हेरी व्यवस्थापनको जिम्मेवारी बहन गर्नुपर्नेछ । स्थानीय स्रोत र साधन तथा उत्पादनलाई पहिलो प्राथमिकतामा राखी सामग्री खरिद तथा वितरणको व्यवस्थापन मिलाउनु पर्नेछ ।

**७. सुत्केरी पोषण झोला कार्यक्रम सञ्चालनको अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः**

क) भरतपुर महानगरपालिकाले वा जनस्वास्थ्य प्रबर्द्धन शाखाले तोकिएको निकाय वा व्यक्तिले आबस्यकता अनुसार समय समयमा सुत्केरी पोषण झोला कार्यक्रमको अनुगमन र निरिक्षण गर्नुपर्नेछ ।

ख) तोकिएको मापदण्ड कायम नगरी कार्यक्रम संचालन गरेको पाईएमा स्वयम् स्वास्थ्य संस्था जिम्मेबार हुनेछ ।

**८. सुत्केरी पोषण झोला कार्यक्रम सञ्चालनको प्रचार प्रसार सम्बन्धी व्यवस्थाः** सुत्केरी पोषण झोला कार्यक्रमको प्रचार प्रसारको लागी स्थानीय पत्र पत्रिका तथा रेडियो मार्फत सूचना जारी गर्न सकिने छ। साथै महानगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्था तथा सबै महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका मार्फत र स्वास्थ्य तथा पोषणमा सहकार्य गर्ने विभिन्न संघ संस्था तथा निजी क्षेत्रसँग समेत सहकार्य गरी सुत्केरी पोषण झोला कार्यक्रमको प्रचार प्रसार तथा वितरण र जानकारी गरी सम्पूर्ण जन समुदायलाई कार्यक्रमको जानकारी गराईनेछ ।

**९. विविधः**

क) यस कार्यक्रम सञ्चालनको सिलसिलामा कुनै दुविधा उत्पन्न भएको खण्डमा भरतपुर महानगरपालिकाको जनस्वास्थ्य प्रबर्द्धन शाखाले आबस्यक सहजीकरण गर्नेछ ।

ख) बजार दररेटका कारण रकम नपुग भएमा माग गर्न सकिनेछ र बढी भएमा खातामै राखी बाँकी अर्को व्यक्तिलाई खर्चको व्यवस्था मिलाउन पर्नेछ ।

ग) कोही नछुटुन कोही नदोहोरिउन भन्ने मनसायले स्वास्थ्य संस्थामा सुत्केरी पोषण झोला कार्यक्रमको छुट्टै रजिष्टर राखी नाम, ठेगाना, उमेर,

अभिभावकको नाम, मोवाईल नंम्बर सहित रेकर्ड राख्नुपर्नेछ ।

घ) जुन बर्थिंङ सेन्टरमा सुत्केरी भएको हो सोही स्वास्थ्य संस्था बाट "सुत्केरी पोषण झोला" प्रदान गरिने छ ।

**१०. खारेजी र बचाउः**

क) सुत्केरी हुने महिलाका लागि नि:शुल्क एम्बुलेन्स/यातायात खर्च प्रदान गर्ने कार्यविधि, २०७६ खारेज गरिएको छ ।

ख) सुत्केरी हुने महिलाका लागि नि:शुल्क एम्बुलेन्स/यातायात खर्च प्रदान गर्ने कार्यविधि, २०७६ बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएगरेको मानिनेछ ।

**११. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको बिषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

---

आज्ञाले,

**लक्ष्मी प्रसाद पौडेल**

प्रमुख प्रसाशकीय अधिकृत